उर्लाबारी बहुमुखीक्याम्पस
उर्लाबारी,मोरङ

सूचनाको प्रभावमुल्याङकनप्रतिवेदन २०८० / २०८१

वि.सं. २०४३ सालमा सामुदायिक क्याम्पसको रूपमा जनस्तरबाट स्थापितउर्लाबारी बहुमुखी क्याम्पस यस क्षेत्रको अभिभावक शैक्षिक संस्थाको रूपमा स्थापित रहेको रस्नातक तथा स्नातकोत्तर तहका विभिन्न संकायहरूमा विभिन्न विषयहरूमा विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । हाल यस क्याम्पसमा करीव २००० विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।

क्याम्पसको शैक्षिक,आर्थिक तथाभौतिक सुधारका लागि विभिन्न दाताहरूको सहयोग प्राप्त भईरहेको छ । विश्वविद्यालय अनुदान आयोग प्रमुख सहयोगी अभिभावकको रूपमारहेको छ । क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक पूर्वाधार विकास गरी गुणस्तर सुनिश्चितता प्राप्त गर्ने कार्यमा क्याम्पस अगाडी बढीरहेको र विश्वविद्यालय अनुदान आयोगबाट निरन्तर सहयोग प्राप्त भईरहेको छ । हाल क्याम्पस गुणस्तर सुनिश्चितता प्रत्यायन प्राप्तिको नजिक छ !

१. सूचनाको स्रोत : उर्लाबारी बहुमुखिक्याम्पस

क. प्रकाशकको नाम : स्वअध्ययन मूल्याङ्कन समिति

ख. प्रकाशन मिति : २०८० असार २३ गते

ग. लेखकहरूको नाम : सहायक प्रा. इन्द्र प्रसाद सापकोटा, सहायक प्रा. प्रकाश पौडेल, सहायक प्रा. डा. मोहन समशेर थापा

२. सूचनाको प्रभाव

क. सकारात्मकप्रभाव : यस उर्लाबारी बहुमुखी क्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिनासम्ममा प्रकाशित भएका २०० भन्दा बढि सूचनाहरूको समग्रमा तपशिल बमोजिमका सकारात्मक प्रभावहरू देखिएका छन् ।

- शैक्षिक गुणस्तरमा सुधार
- शिक्षण विधिमा सुधार
- शैक्षिक साम्रगीको पहुँचमा बृद्धि
- विद्यार्थीहरूको शैक्षिक प्रर्दशनमा सुधार
- सामाजिक जागरण र चेतनाको विकाश
- समुदायका सम्पूर्ण बासिन्दाहरूको शैक्षिक, सामाजिक तथा सांस्कृतिक अवस्थामा सुधार
- समुदायको समग्र आर्थिक विकाशमा योगदान

Campus Chief

- विद्यार्थी तथा स्थानीय बासिको व्यवसायिक र प्राविधिक सिपको विकाश
- योग्य र दक्ष जनशक्तिको विकाशले रोजगारको अवशरहरूमा वृद्धि
- स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा प्रचार प्रसारले समुदायमा स्वास्थ्य सम्बन्धी जागरुकतामा बृद्धि
- प्राकृतिक प्रकोप र अन्य आपतकालिन अवस्थाहरूमा सुरक्षा उपायहरू सम्बन्धी चेतनामा बृद्धि
- वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धी प्रचार प्रसार गरि समुदायको चेतनाको स्तरमा बृद्धि
- अनलाइन शिक्षण सामग्री र डिजिटल स्रोतहरूको पहुँचले विद्यार्थीहरूलाई थप प्राविधिक ज्ञान प्रदान गर्नु ।
- क्याम्पसले सूचना प्रविधिको माध्यम द्वारा समग्र समुदाय र विद्यार्थीहरूलाई आधुनिक बनाउनु ।

ख. नकारात्मकप्रभाव : यस उर्लाबारी बहुमुखी क्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिना सम्ममा प्रकाशित भएका २०० भन्दा बढी सूचनाहरूको समग्रमा तपशिल बमोजिमका नकारात्मक प्रभावहरू देखिएका छन् ।

- नकारात्मक प्रभावहरूमध्ये मनोबैज्ञानिक प्रभाव प्रमुख रहेको पाइन्छ ।
- अर्को प्रमुख कारण नकारात्मक प्रभावका कारण समाजमा सामाजिक ध्रुवीकरण भएको पाइन्छ ।
- सूचनाको नकारात्मक प्रभावको कारण विश्वसनियतामा कमि आएको देखिन्छ ।

ग. समुदायमा परिवर्तन : यस उर्लाबारी बहुमुखीक्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिनासम्म माप्रकाशित भएका २०० भन्दा बढी सूचनाहरूको समग्रमा तपशिल बमोजिमका समुदायमा सकारात्मक परिवर्तनहरू देखिएका छन् ।

- सहि र प्रभावकारी सूचनाका कारण समुदायमा रहेका मानिसहरूको शिक्षा र ज्ञानमा बृद्धि भएको पाइन्छ ।
- सूचनाले समाजको सशक्तीकरणमा महत्वपूर्ण योगदान गरेको पाइन्छ ।
- सूचनाको प्रभावले सामुदायिक गतिविधिमा जनसहभागितामा बृद्धि गर्दछ ।
- सूचनाको प्रभावले समुदायमा रहेको समस्या समाधानमा सहयोग पुऱ्याउँदछ ।
- सूचनाको प्रभावले समुदायमा सचेतना फैलाउने कार्य गर्दछ ।

घ. विद्यार्थीहरूमा परेको प्रभाव : यस उर्लाबारी बहुमुखी क्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिनासम्म माप्रकाशित भएका २०० भन्दा बढी सूचनाहरूको समग्रमा विद्यार्थीहरूमा तपशिल बमोजिमका सकारात्मक प्रभाव परेको देखिन्छ ।

- सूचनाले विद्यार्थीहरूको शैक्षिकउपलब्धिमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।
- सूचनाले विद्यार्थीहरूको सचेतना र जागरुकतामा बृद्धि गरेको पाइन्छ ।
- सूचना विद्यार्थीहरूको लागि उत्साह र प्रेरणा जगाउने एक माध्यम पनि हो ।

Campus Chief

ङ. शिक्षकहरूमा परेकोप्रभाव : यस उर्लाबारी बहुमुखी क्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिनासम्म मा प्रकाशितभएका २०० भन्दा बढी सूचनाहरूको समग्रमा शिक्षकहरूमा तपशिल बमोजिमका सकारात्मक प्रभाव परेको देखिन्छ ।

- प्रभावकारी सूचनाको कारण शिक्षकहरूले प्रभावकारी र नवीन शिक्षण विधि अपनाइएको पाइन्छ ।
- सूचनाको कारण शिक्षकहरूको विद्यार्थीहरूको सम्बन्धमा घनिष्टिता भएको पाइन्छ ।
- सूचनाको कारण शिक्षकहरूमा पेशागत विकाश भएको पाइन्छ ।
- सूचनाको कारण शिक्षकहरूले समयको व्यवस्थापन सहि रूपमा गर्न पाएको देखिन्छ ।

च. निस्कर्ष : यस उर्लाबारी बहुमुखी क्याम्पसबाट आ.ब. २०८० बैशाख महिनादेखि चैत्र महिनासम्म मा प्रकाशित भएका २०० भन्दा बढि सूचनाहरूको विश्लेषण गर्दा समग्रमा विद्यार्थीहरू, शिक्षकहरू, स्थानीय समुदाय साथै सम्पूर्ण सरोकारवाला पक्षहरूमा सूचनाको सकारात्मक प्रभाव रहेको पाइयो । विद्यार्थीहरूको प्रतक्ष चासो रहेको शिक्षण शिकाई गतिविधिहरूमा आधुनिक सूचना प्रणालीको प्रयोगले शिक्षण शिकाई प्रकृया रोचक, प्रभावकारी र विद्यार्थी मैत्री रहेको पाइयो । यसका साथै सम्पूर्ण प्राध्यापकहरू सकृय रूपमा आधुनिक सूचना प्रणालीको प्रयोग गरि नतिजामुखी विद्यार्थी मैत्री सिकाई प्रकृयामा उत्प्रेरित भई लागेको पाइयो र क्याम्पस प्रशासन साथै व्यवस्थापन समितिको सम्पूर्ण एकाई क्याम्पसको सर्वाङ्गिण बृति विकासमा प्रतिबद्ध भएको पाइयो । निरन्तर सूचनाको प्रवाहतथा त्यसअनुरुपको कार्यक्रमहरूले सम्पूर्ण समुदायको चेतनाको स्तरमा अभिवृद्धि गरी शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक स्तरमा समत आमूल रुपान्तरण भएको पाइयो साथै विभिन्न सिपमूलक कार्यक्रमहरूले समुदायका बासिन्दाहरूको विभिन्न सिपको विकास गरि आत्मनिर्भर बनाउनमा ठूलो योगदान रहेको पाइयो ।

सन्दर्भ

शैक्षिक व्यवस्थापन सूचना प्रणाली, उर्लाबारी बहुमुखी क्याम्पस, उर्लाबारी,मोरङ २०८० /८१

Campus Chief